आज मिती २०८२ साल भाद्र १९ गते विहीबारका दिन बिहान ८:३० बजे यस परोहा नगरपालिका का नगर प्रमुख श्री शेख वकिल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिलका पदाधिकारीहरु तथा सरोकारवालाहरुको उपस्थितिमा बसियो।

उपस्थिती

| | | |
|---|---|---|
| १ श्री शेख वकिल | - नगर प्रमुख | |
| २ श्री सुगन्धी गिरी | - नगर उप प्रमुख | |
| ३ शेख समिउल्ला | - वडा अध्यक्ष वडा नं. १ | |
| ४ श्री सेराजुदिन | - वडा अध्यक्ष वडा नं. २ | |
| ५ श्री महेश सिंह | - वडा अध्यक्ष वडा नं. ३ | |
| ६ श्री जवाहरलाल राय यादव | - वडा अध्यक्ष वडा नं. ४ | |
| ७ श्री महमद सजिम अंसारी | - वडा अध्यक्ष वडा नं. ५ | |
| ८ श्री रामविलास प्रसाद जैसवार | - वडा अध्यक्ष वडा नं. ६ | |
| ९ श्री नागेन्द्र प्रसाद | - वडा अध्यक्ष वडा नं. ७ | |
| १० श्री खेदु मुखिया | - वडा अध्यक्ष वडा नं. ८ | |
| ११ श्री मो.कफिल अन्जुम | - वडा अध्यक्ष वडा नं. ९ | |
| १२ श्री विशेष पासवान | - का.पा. सदस्य | |
| १३ श्री राकेश कुमार ठाकुर | - का.पा. सदस्य | |
| १४ श्री बचिया देवी | - का.पा.सदस्य | |
| १५ श्री रामापति देवि पासवान | - का.पा. सदस्य | |
| १६ श्री ईन्दु देवी | - का.पा. सदस्य | |
| १७ श्री मिना देवी साह | - का.पा. सदस्य | |
| १८ श्री राजबती देवी | - का.पा. सदस्य | |
| १९ श्री हसिना खातुन | - का.पा. सदस्य | |
| २० श्री मो.महफुज अहमद | - प्र.प्र.अधिकृत | |
| २१ श्री अब्दुल रब अंसारी | - नासु | |

प्रस्ताव नं. (१) आ.व.२०८१/०८२ को बार्षिक प्रगति समिक्षा सम्वन्धमा।

निर्णय- प्रस्ताव नं.(१) माथी छलफल गर्दा यस परोहा नगरपालिकाको आ.व.२०८१/०८२ मा सम्पन्न भएका आयोजना र कार्यक्रमहरु लगायत अन्य कार्य प्रक्रिया र गतिविधिहरु माथी छलफल गर्दा समग्रमा चालु तर्फ ८७.७३ प्रतिशत र पूजीगत तर्फ ८४.११ प्रतिशत सम्बन्धित

आयोजना तथा कार्यक्रममा खर्च भई राम्रो प्रगति रहेको साथै सम्पादित आयोजना / कार्यक्रमहरु प्रभावकारी, मितव्ययी र जनमुखी हुनुका साथै लभान्वित परिवारहरु समेत संतुष्ट र खुशी रहेको पाईएकोले आ.व.२०८१/०८२ को बार्षिक बजेट कार्यान्वयनको प्रगति वा अवस्था पूर्ण रुपमा सफल रहेको निष्कर्ष सहित अगामी दिनमा समेत अझ प्रगति हासिल गर्ने लक्ष्यका साथ आयोजना तथा कार्यक्रमहरु संचालन गर्ने/गराउने निर्णय गरियो।

परोहा न.पा.को आ.व.२०८१/०८२ को वार्षिक बजेट तथा योजना व्यवस्थापन अन्तर्गत खर्च प्रगतिको अवस्था

क्षेत्रगत बजेट र खर्चको स्थिति -

| सि.नं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४९४९५०००.०० | ४०११४०६५.०० | ८१.०५ |
| २ | पूर्वाधार विकास | ८१००३०००.०० | ६७७८९३७७.०० | ८३.६९ |
| ३ | सामाजिक विकास | १२५१२०००.०० | १०४९८७२४१.४० | ८३.९१ |
| ४ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २४८६२६०००.०० | २१६४०८८७१.०६ | ८७.०४ |
| | जम्मा | ५०४२४४०००.०० | ४२९२९९५५४.४६ | ८५.१३ |

चौमासिक पूजीगत खर्च

| बजेटको उपशीर्षक | कूल खर्च | चौमासिक खर्च रु. | | | चौथो त्रैमासिक खर्च |
|---|---|---|---|---|---|
| पूजीगत खर्च | जम्मा खर्च | प्रथम | दोस्रो | तेस्रो | |
| | रु.१५२११२४४९.५३ | २२८८९६३०.०० | ४३७४७८१६.३० | ३०२६६४६१.०० | ५५२०८५४२.२३ |
| प्रतिशत | ८५.०५ | १५.८१ | २४.४६ | १६.९२ | २७.८६ |

योजनाको विवरण

| रु.१ लाख सम्म | रु.१ लाख देखी २ लाख सम्म | रु.२ लाख देखी ५ लाख सम्म | ५ देखी १० लाख सम्म | १० लाख देखी ५० लाख सम्मका योजना | ५० लाख भन्दा बढीका योजना | जम्मा |
|---|---|---|---|---|---|---|
| ६ | १६ | २४ | ३८ | ३१ | ५ | १२० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | १७४ | १८ | ४८ | ० | २ | २४२ | |
| ६ | ७७ | २९ | ३४ | ० | १ | १४१ | |
| ७ | २०० | ४१ | ४५ | ० | ४ | २९० | |
| ८ | १५३ | ३२ | ३६ | ० | ३ | २२४ | |
| ९ | २१६ | ४६ | ७० | ० | ४ | ३३६ | |
| जम्मा | १५६८ | २८६ | ४४६ | ० | २१ | २३२१ | |

स्वास्थ्य तर्फः-

यस पालिकामा जनसंख्या, स्वास्थ्य तथा स्वास्थ्य संस्थाको अवस्थाः-

टार्गेट जनसंख्या - ४७४७२

१ वर्ष मुनिको जनसंख्या - ११७८

२बर्ष मुनिको जनसंख्या - २३०४

५ वर्ष मुनिको जन संख्या - ४२७५

अनुमानित जिवित जन्म - १२२८

अनुमानित गर्भवति - १६०७ रहेको छ।

*स्वास्थ्य चौकी- ६

*अधारभुत स्वास्थ्य सेवा केन्द्र -३

*नगर स्तरीय १५ बेड अस्पताल-१

*बर्थिङ सेन्टर -३

*आयुर्बेद औषधालय -१ रहेको छ।

जसमा नेपाल सरकारको दरबन्दी तेरीज अनुसार स्वास्थ्य चौकीमा आवश्यक स्वास्थ्यकर्मीको दरबन्दी अनुसारको जनशक्ति पदपुर्ति रहेको र अधारभुत स्वास्थ्य सेवा केन्द्र तथा नगर स्तरीय अस्पतालका लागि नेपाल सरकारको प्रस्तावित दरबन्दी अनुसार कार्यपालिकाको निर्णय वाट दरबन्दी पारीत गरी पदपुर्ति गरी जन समुदायलाई आवश्यक अधारभूत स्वास्थ्य सेवा वाट प्रत्याभुति गराईएको छ।

जम्मा जनशक्तिको अवस्थाः-

जम्मा स्थायी दरबन्दी- ४६ जना

अन्य दरबन्दी - २२ जना

पदपुर्ति –

स्थायी -२८ जना

करार सेवा पदपुर्ति -३८ जना

यस पालिकाको HMIS प्रतिवेदनको अवस्थाः-बिगत २ वर्षमा १०० % रहेको छ।

जस अनुसार HMIS मा प्रबिष्ट प्रतिवेदन अनुसार प्राप्त केही आवश्यक डाटाहरु तुलनात्मक २ बर्षको यस प्रकार रहेको छ:-

**खोप:-**

| खोपको नाम | ०८०/०८१ प्रगती | ०८१/०८२ प्रगती | कैफियत |
|---|---|---|---|
| बि.सि.जी. | १२३५ | ११९५ | |
| डि.पि.टी./हिब तेश्रो मात्रा | १२९३ | ११९६ | |
| रोटा दोश्रो मात्रा | १२६० | ११७९ | |
| पुर्ण खोप | १२५७ | १२१८ | |
| टि.डी.२/टि.डी.२+ | १३२३ | ८८४ | |

**पोषण तथा आई.एम.सी.आई.कार्यक्रम:-**

| | | | |
|---|---|---|---|
| पोषण लेखाजोखा ५ बर्ष मुनिको बालबालिका | ४५०५ | ४१६५ | |
| कुपोषित संख्या | १७९ | १६७ | |
| कुपोषित व्यवस्थापन गरी निको भएको | १७९ | १६७ | |
| भिटमिन ए खुवाईएको बालबालिका सं. | ७००० | ५७७० | |
| अलबेन्डाजोल खुवाइएका सं. | ६००० | ४६४५ | |
| स्वास्थ्य संस्थामा आएका बिरामी ५ बर्ष मुनिका बालबालिकाको संख्या | ४०७७ | ५१४१ | |
| सामान्य रुघाखोकी उपचार | १०७० | १२२८ | |
| न्युमुनोया/कडा न्युमोनिया उपचार | १११ | ८६ | |
| सामान्य झाडापखालाकोउपचार | ९८२ | ८३० | |
| कडा जलबियोजन उपचार | ० | ० | |

**गर्भवति तथा सुत्केरी सेवा:-**

| | | | |
|---|---|---|---|
| गर्भवति जाँच प्रथम पटक | १३९० | १९३२ | |
| गर्भवति जाँच चौथो पटक | ७३८ | १२०६ | |
| आईरन चक्की पाएका गर्भवति महिला सं. | १९३० | १९३२ | |
| जम्मा संस्थागत सुत्केरी सं. | ७५५ | ८६९ | |
| नर्सले घरैमा गई सुत्केरी जाँच गरेको सं. | ४२९ | ८३१ | |

**बिरामी जाँच तथा अन्य उपचार सेवा:-**

| | | | |
|---|---|---|---|
| ओ.पी.डी.नयाँ विरामी सं. | ३०८१६ | ३६४६२ | |
| अस्पतालबाट प्राप्त ईमरजेन्सी सेवा | १९७८ | २१७२ | |

| | | | |
|---|---|---|---|
| जम्मा क्षयरोग बिरामी पतालगाई उपचार गरेको सं. | १०३ | १५३ | |
| बिशेषज्ञ स्वा.शिविर बाट उपचार पाएका बिरामी संख्या | १४६५ | ० | |

आफ्नै भवनमा निर्धारित मापदण्ड अनुसार स्वास्थ्य सेवा प्रदान, सुरक्षित खानेपानी, २४ सै घण्टा विधुत सेवाको उपलब्धता, पैथोलोजी ल्याब, एक्स-रे, भिडियो एक्स-रे, नि:शुल्क औषधि बितरण, नियमित खोप संचालन, पूर्ण खोप, पोषण, आईरन चक्की पाएका सुत्केरी गर्भवती र प्रथम तथा चौथो गर्भवति जाँच गराएका साथै संस्थागत सुत्केरी भएका, प्रथम र चौथो पि.एन.सि. सुत्केरी जस्ता सुचाङ्कमा लक्ष्य प्रगति सत प्रतिशत रहेकोले कार्यक्रम पूर्ण रुपमा सफल रहेको निष्कर्ष सहित अगामी दिनमा अझ थप आवश्यक मेशिन, जनशक्ती तथा कार्यक्रम संचालन तथाव्यवस्थापन गर्ने निर्णय सर्व सम्मतिले पारित गरियो।

रोजगार सेवा केन्द्र मार्फत प्रधानमन्त्री कार्यक्रम तर्फ

आ.व. २०८१/८२ मा यस नगरपालिकामा कुल २५८ जना बेरोजगार व्यक्तिहरु सूचीकृत रहेको थियो। वेरोजगार व्यक्तिहरुलाई न्यूनतम् रोजगारीमा सामिल गराउन युवारुप (विश्व बैंक) अन्तर्गत ५ वटा र प्रधानमन्त्री रोजगार कार्यक्रम (नेपाल सरकार) अन्तर्गत ३ वटा गरी कुल ८ वटा रोजगार आयोजनाहरु सञ्चालन गरिएको थियो। यस नगरपालिकाको वडा नं. १-७ सम्मलाई समेटने गरी वृक्षारोपण गोडमेल तथा संरक्षण आयोजना, वडा नं. ४, ५, ७, ८ र ९ मा वडास्तरीय नाला सरसफाई आयोजना, वडा नं. ६ मा नहर मर्मत तथा सरसफाई आयोजना, वडा नं. ७ मा कृषि सडक निर्माण आयोजना सञ्चालन गरिएको थियो। सामुदायिक पूर्वाधार विकासको निर्माण तथा मर्मत कार्यमा कुल ५३ जना बेरोजगार व्यक्तिहरुले औषत ८४ दिनको रोजगारी प्राप्त गरेको थियो भने ज्यालामा कुल जम्मा २९ लाख ७१ हजार ९ सय ३२ रुपैयाँ खर्च भएको थियो। प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ ८५६ दिन र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना तर्फ १६६० दिन र कार्यस्थलमा आधारित सीप तथा क्षमता विकास तालिम तर्फ १९३३ गरी कुल ४४४९ दिनको रोजगारी सिर्जना भएको थियो। प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना मार्फत मुस्लिम, दलित तथा महिलाहरु बढी लाभान्वित भएका थिए भने व्यहोरा सहितको वार्षिक समिक्षा मिति २०८२/०४/०९ गते सम्पन्न गरियो।